# सशस्त्र प्रहरीको नियमावलीमा समय सापेक्ष स्केलका सामान संशोधन सम्बन्धी

- नेपाल सरकार, गृह मन्त्रालयले सशस्त्र प्रहरीको नियमावली, २०७२ को नियम १६७ मा दिइएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची १५ संशोधन गरेको छ ।
- नियमावलीमा सशस्त्र प्रहरी बल, नेपालका अधिकृत तथा जवानहरुले पाउँदै आएको पोशाक तथा अन्य सामानहरुको सम्बन्धमा संशोधन गरिएको ।
- सशस्त्र प्रहरी कर्मचारीहरुलाई १ वर्ष अवधिमा १ जोर ट्र्याक्सुट, पिटी गन्जी, पिटी कट्टु, स्पोर्ट्स/पिटी जुत्ता  व्यवस्था गरिएको ।
- उनी कम्बल २ वर्षमा १ वटा पाउने व्यवस्था भएको ।
- सिनियर अधिकृतहरुले पाउँदै आएको टपबुट जुनियर अधिकृतहरुलाई समेत उपलब्ध गराउने ।
- राजपत्राङ्कित अधिकृतहरुको लागि मात्र गरम र जाडो मौसममा उपलब्ध गराइएको सेरिमोनियल ड्रेस सेरिमोनियल कार्यक्रमहरुमा भाग लिने अन्य सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई समेत उपलब्ध गराईने व्यवस्था गरिएको ।
- ५ वर्षको अन्तरालमा पाउने १ थान स्नोपार्क ज्याकेट/डाउन ज्याकेटको व्यवस्था भएको ।
- कटन प्याडेट युनिफर्म सुटको सट्टा २ वर्षमा १ जोर हिमाली चुस्ताको व्यवस्था गरिएको ।
- स्वास्थ्य प्राविधिक सशस्त्र प्रहरी कर्मचारीहरुलाई २ वर्षमा सेतो टेरिकटन एप्रोन उपलब्ध हुँदै आएकोमा प्रत्येक वर्ष १ थान सेतो टेरिकटन स्क्रब समेत थप गरिएको ।